# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, कात्तिक १४ गते २०६२ साल (संख्या २८

## भाग ३

श्री ५ को सरकार

### वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

श्री ५ को सरकारको निर्णयानुसार खण्ड ५५, संख्या २१ मिति २०६२।५।२० को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित सूचना प्रविधि उच्चस्तरीय आयोगको काम, कर्तव्य अधिकार तथा कार्यविधि सम्बन्धी सूचनाको,–

(१) दफा १ को,–

(क) खण्ड(च)मा रहेका "राष्ट्रिय मानक तयार गर्ने" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय मानक तय गर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छः–

"(ड१) श्री ५ को सरकारको दायित्व नपर्ने विषयमा आवश्यक निर्णय लिने,"

(२) दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :–

"(ङ१) आयोगको तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार, कार्यशाला आदिमा भाग लिने, लिन लगाउने,"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा ३ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः–

"(ग१) आयोगको सामान्य प्रशासन, कर्मचारी प्रशासन र आर्थिक प्रशासनसम्बन्धी काम गर्ने गराउने,"

(४) दफा ६ पछि देहायको दफा ६क. थपिएको छः–

"६क. लेखा तथा लेखापरीक्षणः (१) आयोगले आफ्नो आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) आयोगको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।"

आज्ञाले,

डा. स्वयम्भूमान अमात्य

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260